


# अध्याय -१२

## निष्ठावान र विश्वासमा अडिग हुनेहरुको इनाम

*मूल पदहरू: हिब्रू ११:६, यशैया ६२:११, रोमी ६:२३,*
*यूहन्ना १४:१-३, प्रकाश २१,*
*मत्ती २५:२०-२३ र रोमी ८:१६-१८।*



**यस अध्यायको मूल सार पदः** *"मालिकले त्यसलाई भने, 'स्याबास, असल र विश्वासी नोकर! तिमी थोरै कुरामा विश्वासी भयौ, अब म तिमीलाई धेरै कुराको जिम्मा दिनेछु। तिमी आफ्ना मालिकको खुशीमा सहभागी हो।' मत्ती २५:२१।*

यो कुरो सत्य छ कि हाम्रो धर्मकर्म, असल काम, दान पूण्य कामहरूले मुक्ति आर्जना गर्न सकिँदैन। मुक्ति परमेश्वरको अनुग्रहको बरदान हो। यद्यपि, जब कसैले परमेश्वरको प्रेमको अनुभव गर्दछ र मुक्ति पाउँदछ, जुन येशूनीतिमा मुक्ति भनेको मरेपछि होइन अहिलेदेखि नै उपभोग गर्ने बरदान हो (यूहन्ना ३:१६) त्यस व्यक्तिले विश्वास र निष्ठावानको जीवन बिताएको बाइबलले अपेक्षा गर्दछ। अन्तमा अनन्त समयसम्म मुक्तिको उपहारको आशाको उपभोग गर्न यसै जीवनमा उसको काम क्रियाकलापले उसको नियतलाई देखाउने भएको हुनाले त्यो नियत सफा र परमेश्वरसम्मत होस् भनेर विभिन्न अर्तिकथा, घट्ना र वचनहरूद्वारा बाइबलले देखाउँदछ। अनुग्रह भनेको कोही मानिस पनि योग्य भएको कारणले पाउने होइन न त प्रयासद्वारा आर्जन गर्न सकिन्छ किनकि यो परमेश्वरको बरदान हो। तर त्यो

अनुग्रह पाएपछि त्यसलाई निरन्तरता दिन आत्मिक जीवनशैली स्वच्छ र शुद्ध भएको परमेश्वरले अपेक्षा गर्नुहुन्छ।

त्यस जीवनशैली र हाम्रा नियतहरूलाई कसरी शुद्ध र स्वच्छ राख्ने भन्ने मामिलामा दाउदले यसरी बताउँछन्, "परमप्रभुको व्यवस्था सिद्ध छ, प्राणलाई पुनर्जीवित गराउने। परमप्रभुका कानूनहरू विश्वसनीय छन्, निर्बोधलाई बुद्धिमान् तुल्याउने। परमप्रभुका नियमहरू ठीक छन्, हृदयलाई आनन्द गराउने।

**परमप्रभुका आज्ञाहरू उज्ज्वल छन्, आँखालाई प्रकाश दिने।**
परमप्रभुको भय स्वच्छ छ, अनन्तकालसम्मै स्थिर रहने। परमप्रभुका विधिहरू सच्चा छन्, ती सर्वथा धर्ममय छन्। सुनभन्दा पनि ती बढ़ी चाहना गर्ने योग्य छन्, निखुर सुनभन्दा पनि ज्यादै बढ़ी, चाकाबाट टप्कने महभन्दा बढ़ी गुलिया। तीबाटै तपाईंको दासले चेताउनी पाउँदछ, ती पालन गर्दा ठूलो इनाम मिल्नेछ। "भजनसंग्रह १९:७-११।

हामीले पाउने इनामको बारेमा बाइबलमा धेरै ठाउँहरूमा उल्लेख गरिएको छ। ती इनामहरूले त्यसबेला मूर्तरूप लिन्छ वा हामीलाई दिने इनामको प्रतिज्ञा पूरा हुन्छ, जब येशू ख्रीष्ट दोस्रो पल्ट आउनुहुन्छ। त्यसबेला पाप र पापले ल्याउने सबै दुष्ट कुराको ज्यादति सदाको निम्ति समाप्त हुनेछ।

हामीलाई के प्रतिज्ञा दिनुभएको छ, जुन प्रतिज्ञालाई हामी उपभोग गर्न सक्नेछौं भन्ने आशा र निश्चयता के छ? त्यो आशाको आभास् अहिलेकै जीवनमा कसरी पाइरहनसक्छौं? यस अध्यायमा हामी नियाल्नेछौं।

## १. इमान्दारिता र विश्वसनियता देखाउनले पाउने इनाम

**देहायका पदहरू पढ्नुहोस्। ती पदहरूले हामीलाई के सिकाउँदछ र त्यसको हाम्रो प्रतिक्रिया कस्तो हुनुपर्दछ वा सुन्नेमात्रै कि पालन पनि गर्ने वा आत्मसात् गर्ने? हेर्नुहोस्, "विश्वासविना परमेश्वरलाई प्रसन्न पार्नु असम्भव छ। किनकि जो परमेश्वरको नजिक आउँछ, त्यसले परमेश्वर हुनुहुन्छ र उहाँलाई खोज्नेहरूलाई उहाँले प्रतिफल दिनुहुन्छ भन्ने पक्का विश्वास गर्नुपर्छ।"हिब्रू ११:६; "हेर, म चाँड़ै आउँदैछु। हरेक मानिसलाई उसले गरेअनुसार दिने प्रतिफल मसँग छ।" प्रकाश २२:१२; "हेर, परमप्रभु परमेश्वर पराक्रमसाथ आउँदैहुनुहुन्छ, र उहाँको हातले शासन गर्नुहुन्छ। हेर, उहाँको इनाम उहाँसितै छ, र उहाँको प्रतिफल उहाँकै साथमा छ।"यशैया ४०:१० र "परमप्रभुले**

**पृथ्वीको पल्लो छेउसम्म घोषणा गर्नुभएको छः "सियोनकी छोरीलाई भन, 'हेर, तिम्रो मुक्तिदाता आउँदैहुनुहुन्छ! हेर, उहाँको प्रतिफल उहाँसितै छ, र उहाँको इनाम उहाँकै साथ हुनेछ'।" यशैया ६२:११।**

परमेश्वरप्रति निष्ठावान, आस्थावान र विश्वाससाथ खट्ने वा आफूले पाएको शिक्षादीक्षामा हिंड्ने उहाँका भक्तजनहरूलाई दिने इनाम अरूहरूले पाउनेभन्दा विशेष वा भिन्न छ। त्यस इनाममा अरूहरूसाथै आत्मिक थोकहरू पनि समावेश भएको छ। त्यो बुझ्न हामीहरूको मरणशील र सिमित दिमाग भन्दा अपार छ। "धर्मी वा धार्मिक जीवनमा रहनेहरूले पाउने इनाम कुनै पनि मानवीय भाषामा व्याख्या गर्न सकिँदैन अर्थात् व्याख्या गर्ने प्रशस्त शब्दहरू नै छैन। त्यसलाई देख्नेलाईमात्र थाहा दिइन्छ। परमेश्वरले तयार पारिरहनुभएको स्वर्गको महिमा कस्तो हुन्छ भनेर कुनै पनि सिमित दिमाग भएको मानिसले बुझ्न सक्दैन।"-एलेन जी ह्वाइट, *द ग्रेट कन्त्रोभर्सी*, पृ. ६७४।

डाँडामा दिनुभएको सुरुको उपदेशमा येशूले सात थरिका मिजास वा मनस्थिति भएका मानिसहरूलाई श्यावास दिनुभएको थियो अर्थात् धन्यका हुन् भनेर आशिष दिनुभएको थियो। ती श्यावास अर्थात् धन्यहरूलाई उहाँले यसरी समाप्त गर्नुभएको थियो, "धन्य हौ तिमीहरू, जब मानिसहरूले मेरो खातिर तिमीहरूको निन्दा गर्नेछन् र सताउनेछन्, र झूटा बोलेर तिमीहरूका विरुद्धमा सब किसिमका खराब कुरा भन्नेछन्। तब रमाओ, र अत्यन्त खुशी होओ, किनभने स्वर्गमा तिमीहरूको इनाम ठूलो हुनेछ। किनभने यसरी नै तिमीहरूभन्दा अघिका अगमवक्ताहरूलाई तिनीहरूले सताएका थिए।" मत्ती ५:११-१२। हिब्रू ११ मा विश्वासका धरोहरहरूको नामको सूची प्रस्तुत गरेपछि लेखकले अर्को अध्यायमा येशू किन क्रूसमा मर्न तयार हुनुभयो भनेर उल्लेख गर्दछन्, "यसकारण यतिका साक्षीहरूको ठूलो बादलले हामीलाई घेरिराखेको हुनाले, हरकिसिमका बोझा र हामीलाई सजिलैसित अल्झाउने पापलाई पन्छाएर हाम्रा सामुन्ने राखिदिएको दौड धैर्यसाथ दौडौं। हाम्रा विश्वास सुरु गर्नुहुने र पूरा गर्नुहुने येशूलाई हेरौं, जसले उहाँको सामुन्ने राखिदिएका आनन्दको निम्ति अपमानलाई केहीजस्तो नठानी क्रूसको कष्ट भोग्नुभयो, र परमेश्वरको सिंहासनको दाहिनेपट्टि विराजमान हुनुहुन्छ।" हिब्रू १२:१-२।

विश्वास तथा आस्थालाई प्रयोग गरेर चल्नु भनेको कामद्वारा मुक्ति पाउने होइन। हामीमध्ये वा बाइबलमा कुन् पात्रहरू छन् जसको चरित्र परमेश्वरको निगाहा पाउन योग्य र असल थियो? अहँ, कोही पनि छैन र न

थियो पनि। क्रूसको सम्पूर्ण विषयबस्तुन नै त्यो हो। यदि हाम्रो धर्मकर्म, असल काम, परोपकारीय र उदार हृदय भएर दानदक्षिणा आदि दिएर मुक्ति पाउने भए येशू क्रूसमा कहिल्यै पनि चढ्नुहुनेछैन। तर हामीले पाउने मुक्तिको स्रोत परमेश्वरको अनुग्रह हो। "तर अनुग्रहबाट हो भने यो कर्मको आधारमा होइन, नत्रता अनुग्रह अझ अनुग्रह नै रहनेथिएन।" रोमी ११:६। हामीले पाउने इनाम वा पाइरहेका इनामहरू केवल परमेश्वरले हाम्रो निम्ति के गर्नुभयो र हामीमा के गर्नुहुन्छ त्यसको क्रियाकलापले पाउने हो।

*अनुग्रहद्वारा पाइने मुक्ति र धर्मकर्मको आधारमा पाइने इनामको बीचमा के भिन्नता छ ? यसबारे केलाएर चिन्तन गर्नुहोस्।*

## २. अनन्त जीवन

यस संसारमा जन्मेको प्रत्येक मानव प्राणीको निम्ति चाहिएको वा नचाहिएको अनन्त पर्खिरहेको हुन्छ। त्यो अनन्त हामी प्रत्येकको निम्ति बाइबलको अनुसार दुईमा एक भएर प्रकट हुनेछः कि त अनन्त जीवन वा अनन्त मृत्यु। त्यतिमात्रै हो। यस जीवनमा कसैलाई पनि मध्यम मार्ग रोज्न दिएकोछैन। अलिकति यता हो कि अलिकति उता हो भन्ने तरखरमा लाग्न कसैलाई पनि छुट दिएको छैन। बरु अहिलेदेखि नै सुरुभएको जीवन चुन्ने हो कि अहिलेदेखि नै सुरु हुने अनन्त मृत्यु। यो बाहेक मानिसको निम्ति अर्को बिकल्प छैन।

**देहायका पदहरूमा हामीहरूलाई के बिकल्प प्रस्तुत गरिएको छ? हेर्नुहोस्, "किनकि पापको ज्याला मृत्यु हो, तर परमेश्वरको सित्तैंको वरदान ख्रीष्ट येशू हाम्रा प्रभुमा अनन्त जीवन हो।" रोमी ६:२३ र "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्।" यूहन्ना ३:१६।**

यो भन्दा कडा विकल्प वा निर्णयहरू अरू केही नभएको बाइबलले जिकिर गर्दछ।

यदि तपाईंले यो पढिरहनुभएको छ भने तपाईंले अनन्त जीवन पाउन निर्णय गरिसक्नुभएको छ वा त्यसको सोचमा तपाईं परिरहनुभएको छ। आफूले गर्छु भन्ने काम फत्ते गर्न र उहाँका प्रतिज्ञाहरू पूरा गर्न परमेश्वरको विशेष सामर्थतता छ। हाम्रो काम केवल उहाँलाई विश्वास गर्नु र येशूका पूण्य

कामहरूमा भरपर्नु हो, र विश्वासले परिचालन भएर उहाँका वचनहरू पालन गर्नु हाम्रो जीम्मेवारी हो।

**यूहन्ना १४:१-४ पढ्नुहोस्। पद १मा हामीले के गर्नुपर्छ भनेर प्रभुले अऱ्हाउनुभएको छ, र २ र ३ पदमा उहाँले के गर्छु भनेर कबुल गर्नुभएको छ? हेर्नुहोस्, "१ "तिमीहरूको हृदय व्याकुल नहोस्। तिमीहरू परमेश्वरमाथि विश्वास गर्दछौ, ममाथि पनि विश्वास गर। २ मेरा पिताको घरमा बस्ने ठाउँहरू धेरै छन्। त्यसो नभए, के म तिमीहरूलाई भन्नेथिएँ र, कि तिमीहरूका निम्ति ठाउँ तयार पार्न म गइरहेछु? ३ अनि गएर मैले तिमीहरूका निम्ति ठाउँ तयार पारेपछि म फेरि आउनेछु, र तिमीहरूलाई मकहाँ लैजानेछु, र जहाँ म छु, त्यहाँ तिमीहरू पनि हुनेछौ।" यूहन्ना १४:१-३।**

यस पृथ्वीमा मानवीय चोलामा रहेर सेवाकार्यको अन्तमा, येशूले उहाँका चेलाहरूलाई ती चकित पार्ने आशा र उत्साहका शब्दहरू बोल्नुभएको थियो। तिनीहरू हतासनिराश, सतावट, दःखकष्ट र मृत्युको मुखमा परिरहेको बेलामा ती शब्दहरूले तिनीहरूको हृदयलाई उचालिराखेको थियो। त्यही हामीलाई पनि गर्नुपर्छ। येशू कुनै मानवीय बंश वा जीनबाट नजन्मनुभएर स्वर्गबाट सिधै आउनुभएर भ्रुण धारणा गरेर जन्मिनुभएको थियो, आफ्नो लक्ष्य पूरा भएपछि उहाँ स्वर्गमा फर्किनुभयो, र हामीलाई पनि यो कबुल गर्नुभएको छ, "म फेरि आउँनेछु र म तिमीहरूलाई लानेछु ताकि म जहाँ हुन्छु त्यहाँ तिमीहरू पनि हुनेछौ।

अझ कुनैभन्दा पनि महत्त्वपूर्ण सत्य त क्रूसमा येशूको मृत्यु हो। उहाँको पहिलो आगमनले उहाँको दोस्रो आगमनक ठूलो सुनिश्चिता देखाउँछ, किनभने उहाँको दोस्रो आगमनबिना पहिलो आगमनको औचित्य के छ र? जसरी येशू क्रूसमा मर्नुभयो भन्ने कुरामा सबै प्रमाणहरूद्वारा निश्चित छौं त्यसरी नै उहाँको यो प्रतिज्ञा पनि सुनिश्चित छ, "अनि गएर मैले तिमीहरूका निम्ति ठाउँ तयार पारेपछि म फेरि आउनेछु, र तिमीहरूलाई मकहाँ लैजानेछु, र जहाँ म छु, त्यहाँ तिमीहरू पनि हुनेछौ।" यूहन्ना १४:१-३।

*येशूको पहिलो आगमन नै दोस्रो आगमनको ग्यारेन्टी हो भन्ने आत्मज्ञानमा बढि ध्यानमग्न हुनुहोस्। पहिलो आगमनमा के भयो जसले गर्दा दोस्रो आगमनलाई हामी विश्वास गर्न सक्छौँ?*

## ३. नयाँ यरुशलेम

नयाँ यरुशलेमको वर्णन बाइबलले गरेको अनुसार विश्वासद्वारा अब्राहमले देखेको बताउँछ। "किनकि उनले एउटा जग भएको सहरको प्रतीक्षा गर्थे, जसलाई बनाउने र निर्माण गर्ने परमेश्वर नै हुनुहुन्छ।" हिब्रू ११:१०। नयाँ यरुशलेम परमेश्वरको गुरुयोजनाको उत्पादन हो। उहाँलाई प्रेम गर्ने र उहाँका आज्ञाहरूलाई पालन गर्नेहरूको निम्ति त्यो सहर निर्माण भएको हो। परमेश्वरका विश्वासी भक्तजनहरूको निम्ति स्वर्गमा नयाँ यरुशलेम हजार वर्षसम्म तिनीहरूको घर हुनेछ। अनि हजार वर्षपछि यही पृथ्वी तर पुनसंरचना गरिएको स्थान अनन्त समयसम्म तिनीहरूको बसोबार गर्ने स्थान हुनेछ। घर सर्न मालतालहरू पोको पारेर ओसार पसार गर्न नचाहने कतिपय हामीलाई त्यसले हामीलाई खुशी बनाउने खबर छ। परमेश्वरले नै सबै थोक बन्दोबस्त गर्नुहुन्छ। "अनि मैले परमेश्वरबाट दुलहाको निम्ति दुलही जस्तै गरी सिङ्गारिएर तयार पारिराखेकी, अर्थात् पवित्र सहर, नयाँ यरूशलेम स्वर्गबाट तलतिर झरिरहेको देखें।" प्रकाश २१:२।

**प्रकाश २१ अध्याय पढ्नुहोस्। मुक्ति पाएकाहरूको निम्ति के पाउनेछ भनेर त्यहाँ उल्लेख गरिएको छ? हेर्नुहोस्, "१ तब मैले नयाँ आकाश र नयाँ पृथ्वी देखें, किनकि पहिलो आकाश र पहिलो पृथ्वी बितिगएका थिए। समुद्र त अब छँदैथिएन। २ अनि मैले परमेश्वरबाट दुलहाको निम्ति दुलही जस्तै गरी सिङ्गारिएर तयार पारिराखेकी, अर्थात् पवित्र सहर, नयाँ यरूशलेम स्वर्गबाट तलतिर झरिरहेको देखें। ३ सिंहासनबाट यसो भन्ने एउटा चर्को सोर मैले सुनें, "हेर, परमेश्वरको वास मानिसहरूसँग भएको छ। उहाँ तिनीहरूसँग वास गर्नुहुनेछ, र तिनीहरू उहाँका प्रजा हुनेछन्, र परमेश्वर आफै तिनीहरूका परमेश्वर भएर तिनीहरूसँग रहनुहुनेछ। ४ उहाँले तिनीहरूका आँखाको आँसु पूर्ण रूपले पुछिदिनुहुनेछ, र फेरि मृत्यु नै हुनेछैन, र शोक र पीडा पनि हुनेछैन। किनकि पहिलेका कुराहरू बितिसकेका छन्।" ५ सिंहासनमा विराजमान हुनुहुनेले मलाई भन्नुभयो, "हेर, म सबै कुरा नयाँ तुल्याउँछु।" उहाँले यसो पनि भन्नुभयो, "यो लेख, यी कुराहरू भरपर्दा र सत्य छन्।" ६ उहाँले मलाई भन्नुभयो, "अब सिद्धियो। म अल्फा र ओमेगा हुँ, आदि र अन्त्य म नै हुँ। तिर्खाउनेहरूलाई जीवनका पानीको फुहाराबाट म सित्तैंमा दिनेछु। ७ जसले विजय प्राप्त गर्छ त्यसले यो उत्तराधिकार पाउनेछ, र म त्यसका परमेश्वर हुनेछु, र त्योचाहिँ मेरो छोरो हुनेछ। ८ तर डरपोकहरू, अविश्वासीहरू, घिनलाग्दा भएकाहरू,**

हत्याराहरू, व्यभिचारीहरू, जादूगरहरू, मूर्तिपूजकहरू र झूटा बोल्नेहरू सबैको
हिस्सा आगो र गन्धक दन्कने कुण्डमा हुनेछ। यो दोस्रो मृत्यु हो। ९ तब ती
सात अन्तिम विपत्तिले भरिएका सात कचौरा हुने सात स्वर्गदूतहरूमध्ये एक जना
आएर मलाई यसो भने, "आऊ, म तिमीलाई थुमाकी पत्नी, उहाँकी दुलही
देखाउनेछु।" १० तिनले मलाई पवित्र आत्मामा एउटा ठूलो र उच्च पर्वतमा
लगे, र परमेश्वरबाट स्वर्गदेखि तलतिर झरिरहेको पवित्र सहर यरूशलेम मलाई
देखाए। ११ त्यसमा परमेश्वरको महिमा थियो, र त्यसको चमक बहुमूल्य
रत्नहरू तथा बिल्लौर स्फटिकजस्तो चहकिलो थियो। १२ त्यसको वरिपरि ठूलो
र अल्गो पर्खाल थियो, र त्यसमा बाह्र ढोका थिए। ढोकाहरूमा बाह्र स्वर्गदूत
थिए। ती ढोकाहरूमा इस्राएलका बाह्रै कुलका नाउँ लेखिएका थिए। १३
पूर्वमा तीन ढोकाहरू, उत्तरमा तीन, दक्षिणमा तीन र पश्चिममा तीन ढोकाहरू
थिए। १४ सहरको पर्खालका बाह्र जग थिए। तीमाथि थुमाका बाह्रै प्रेरितहरूका
बाह्र नाउँ लेखिएका थिए। १५ सहर र त्यसका ढोकाहरू र पर्खाल नाप्नलाई
मसँग बोल्नेसँग एउटा सुनको नाप्ने टाँगो थियो। १६ त्यो सहर वर्गाकार
थियो। त्यसको चौडाइ र लमाइ समान थियो। तिनले त्यस टाँगोले नाप्दा त्यो
सहर दुई हजार चार सय किलोमिटर थियो। त्यसको लमाइ, चौडाइ र उचाइ
बराबर थियो। १७ स्वर्गदूतले त्यसको पर्खाल पनि नापे, र मानिसले चलाएको
नापअनुसार त्यो पैंसट्ठी मिटर थियो। १८ त्यो पर्खाल बिल्लौरले बनेको थियो, र
सहरचाहिँ निखुर सुनले बनेको थियो र सफा काँचजस्तै त्यो चम्कन्थ्यो। १९
पर्खालका जगहरू अनेक किसिमका बहुमूल्य रत्नहरूले जड़िएका थिए। पहिलो
जग बिल्लौरको, दोस्रो नीर, तेस्रो हरित रत्न, चौथो पन्ना, २० पाँचौं आनिक्स, छैटौं
लालमणि, सातौं पीतमणि, आठौं बेरूज, नवौं पुष्पराज, दशौं लसुने, एघारौं नीलमणि
र बाह्रौं, कटेलाको थियो। २१ ती बाह्र ढोकाचाहिँ बाह्र मोतीका थिए। प्रत्येक
ढोका मोतीको थियो। त्यस सहरको सड़क चहकिलो शीशाजस्तै निखुर सुनको
थियो। २२ मैले त्यस सहरमा कुनै मन्दिर देखिनँ, किनकि त्यहाँको मन्दिर
स्वयम् परमेश्वर सर्वशक्तिमान् र थुमा नै हुनुहुन्छ। २३ त्यो सहर उज्यालो
गराउन सूर्य र चन्द्रमाको खाँचो छैन, किनभने परमेश्वरको महिमा नै त्यसको
उज्यालो हो। त्यहाँको बत्तीचाहिँ थुमा आफै हुनुहुन्छ। २४ त्यहाँकै उज्यालोमा
जाति-जातिहरू हिँड्डुल गर्नेछन्। पृथ्वीका राजाहरूले आफ्ना वैभव त्यसमा
ल्याउनेछन्। २५ दिनमा त्यसका ढोकाहरू कुनै किसिमले बन्द हुनेछैनन्, र
त्यहाँ रात नै हुनेछैन। २६ तिनीहरूले जाति-जातिहरूका वैभव र सम्मान

**त्यसभित्र ल्याउनेछन्। २७ तर थुमाका जीवनको पुस्तकमा नाउँ लेखिएकाहरूबाहेक कुनै अशुद्ध कुरा, घृणित काम गर्ने र झूट बोल्ने कुनै किसिमले पनि त्यसभित्र पस्नेछैन।" प्रकाश २१।**

प्रकाश २१ र २२ अध्यायमा कति कुराहरू छन् जुन हामी बुझ्न पनि सुरु गर्न सक्दैनौं। हाम्रो दिमाग पापले गर्दा विग्रिएको छ र संसारको कुनै थोकसँग पनि हामी तुलना गर्न सक्दैनौं किनकि यस संसार पापले क्षतबिक्षत भएको छ। तर हामीले के बुझ्न सक्छौं भने भोलीको पृथ्वी उज्ज्वलमय आशैआशाले भरिएको छ।

पहिलो कुरामा त, जब यस पतित संसारमा येशू प्रत्यक्षरूपमा मानिसहरूको बीचमा मानव शरीर लिएर रहनुभएको थियो। नयाँ पृथ्वीमा पनि उहाँ हामीसँग प्रत्यक्षरूपमै रहनुहुनेछ। येशूसँग व्यक्तिगतरूपमै नजिक हुनेहरूको अवसरको अनुभव त्यसबेला कस्तो थियो होला? उहाँ यस संसारमा हुँदा उहाँसँग रहननपाएको अवसर नयाँ पृथ्वीमा हामी पाउनेछौं। त्यसबेला हामी छर्लङ्गै उहाँको महिमित शरीर देख्न पाउनेछौं।

वर्तमान समया आँशु, शोक, रोदन र पीडाको मारमा हामी छौं, तर त्यसबेला प्रतिज्ञाहरूमा यो महान् प्रतिज्ञा बाइबलमा उल्लेख गरिएको अनुभव गर्नु कस्तो होला? "उहाँले तिनीहरूका आँखाको आँसु पूर्ण रूपले पुछिदिनुहुनेछ, र फेरि मृत्यु नै हुनेछैन, र शोक र पीडा पनि हुनेछैन। किनकि पहिलेका कुराहरू बितिसकेका छन्।" प्रकाश २१:४। ती सबै पहिलेका आततायी कुराहरू बितेर जानेछन् जुन पहिला कहिल्ये पनि हुनुपर्ने थिएन। अनि फेरि "त्यहाँ स्फटिकजस्तै चहकिलो जीवनका पानीको नदी हुनेछ। त्यो नदी परमेश्वरको र थुमाको सिंहासनबाट निस्की त्यस सहरका सड़कको बीचबाट बगिरहेको हुनेछ। त्यस नदीका किनारमा जीवनको वृक्ष हुनेछ, जसले हरेक महिना बाह्रै किसिमका फलहरू दिइरहनेछ। त्यसका पातहरूचाहिँ जाति-जातिहरूलाई निको पार्नका निम्ति हुनेछ। अबदेखि उसो त्यहाँ कहिल्यै सराप हुनेछैन। परमेश्वर र थुमाको सिंहासन त्यहाँ हुनेछ, र उहाँका दासहरूले उहाँको आराधना गर्नेछन्। तिनीहरूले उहाँको मुहार देख्नेछन्, र उहाँको नाउँ तिनीहरूका निधारमा हुनेछ। त्यहाँ फेरि रात हुनेछैन, तिनीहरूलाई बत्ती वा घामको उज्यालो चाहिनेछैन, किनकि परमप्रभु परमेश्वर नै तिनीहरूको उज्यालो हुनुहुनेछ, र तिनीहरूले सदासर्वदै राज्य गर्नेछन्।" प्रकाश २२:१-५

रूपान्तरित। मुक्ति पाएकाहरू परमेश्वरको नजिक रहन पाउनेछन्, जुन हामीले अहिले पाएका छैनौं।

*तर दोस्रो मृत्युमा पर्नेहरूको गति के हुनेछ भनेर प्रकाश २१:८मा दिइएको छ। येशूलाई विश्वास गरेर मैले मुक्ति पाएँ भनेर ढुक्क हुनेहरू परिवर्तित जीवन नगरि यदि यहाँ लेखिएका पापहरूमै रमाएर बस्छन् वा पोषाएर बसन्छन् भने येशूले तिनीहरूलाई किन क्षमा दिन सक्नुहुनेछैन? अनन्त जीवन गुमाएकाहरूमा भएका पापहरू त मुक्ति पाउनेहरूमा पनि त थिए नी। ती दुई समूहको बीचमा के अन्तर छ त?*

## ४. हिसाबकिताब मिलाउने

येशूको सेवाकार्य बन्द हुनेबेलामा उहाँको चेलाहरू उहाँकहाँ आएर यो व्यक्तिगत प्रश्न सोधेका थिए, "ती सबै थोकहरू कहिले हुनेछ? तपाईं आउनु हुने र संसारको अन्त्य हुने चिन्ह के के हुन्?" मत्ती २४:३ रूपान्तरित। येशूले तिनीहरूको प्रश्नको जवाफ दिनुभएको दुई अध्यायहरूमा समावेश भएको छ। मत्ती २४मा भौगोलिक संसारमा हुने चिन्हहरू जुन अहिले खपिरहेकाछौं, जस्तै युद्ध, प्राकृतिक प्रकोप आदि। अनि मत्ती २५मा उहाँ आउनुभन्दा अघि चर्च वा येशूलाई विश्वास गर्नेहरूको अवस्था कस्तो हुनेछ भनेर खुलासा गरिएको छ। त्यसबेला हुने चर्चको अवस्थालाई तीन अर्तिकथाहरूले चित्रण गरिएको छ। तिनीहरूमा सिक्काको अर्ति कथा एक हुन्। त्यसको अर्थ उहाँले आफ्ना जनहरूलाई छोड्नुभएको दक्षता, शिप, बरदान र अवसरहरूलाई कसरी प्रयोग गरे वा गरेनन् भनेर उल्लेख गरिएको छ।

**मत्ती २५:१४-१९ पढ्नुहोस्। को टाढा देश वा परदेशमा यात्रा गरिरहनुभएको छ? उहाँका सम्पत्तिहरू कसलाई सुम्पनु भएको छ? "हिसाबकिताब मिलाऔं" भन्नुको अर्थ के हो? हेर्नुहोस्, "१४ "किनकि योचाहिँ कुनै मानिसजस्तो हो, जसले परदेश जाँदा आफ्ना नोकरहरूलाई बोलाई आफ्नो धन-सम्पत्ति तिनीहरूलाई जिम्मा दिए। १५ तिनले हरेकलाई तिनीहरूका आ-आफ्नो योग्यताअनुसार एउटालाई पाँच सुनका सिक्का, अर्कालाई दुई र अर्कालाई एक दिएर तिनी गइहाले। १६ तब पाँच सुनका सिक्का पाउनेले तुरुन्तै गएर त्यो व्यापारमा लगाईकन अरू पाँच सिक्का कमायो। १७ त्यसरी नै दुई सिक्का पाउनेले पनि अरू दुई कमायो। १८ तर एक सिक्का पाउनेले चाहिँ**

**गएर भूइँ खनेर आफ्ना मालिकको धन लुकाइराख्यो। १९ "धेरै दिनपछि ती नोकरहरूका मालिक आए, र तिनले तिनीहरूसँग हिसाब मागे।"**

कतिपय समयमा सिक्काहरू भन्दा हामीमा भएका प्राकृतिक दक्षता, प्रतिभा र शिप भनेर सोच्दछौं। तर त्यही खालको अर्तिकथा लूका १९:११-२४मा पैसाको व्यवस्थापन हो भनेर स्पष्ट गरिएको छ। यस मामिलामा एलेन जी ह्वाइटले व्यक्त गर्नुहुन्छ, "सुनको सिक्काको अर्तिकथा मानिसहरूले पूर्णरूपमा बुझेको छैन भनेर मलाई देखाइएको थियो। यो महत्त्वपूर्ण अर्तिकथा युगको अन्तमा बाँचिरहेका इसाईहरूको फाइदाको निम्ति दिएको थियो। ती सिक्काहरू केवल प्रचार गर्ने खुबी र परमेश्वरको वचनमा देखाइएका सत्यहरूलाई सिकाउनुमात्र होइन। यस अर्तिकथामा उहाँका जनहरूलाई सुम्पिनुभएको अस्थायी भौतिक थोकहरूलाई तिनीहरूले कसरी सम्हाली राख्नुपर्छ भनेर सिकाएको मान्नुपर्दछ।"-टेस्टिमोनिज फर द चर्च, ठेली १, पृ. १९७बाट रूपान्तरित।

**मत्ती २५:२०-२३ पढ्नुहोस्। परमेश्वरको काममा सहयोग गर्ने पैसाका विश्वासिलो व्यवस्थापकहरूको बारेमा परमेश्वरले के भन्नुभएको छ? "तिम्रो स्वामीको खुशियालीमा सहभागी होऊ" भनेको अर्थ के हो? हेर्नुहोस्, "२० तब पाँच सुनका सिक्का पाउने नोकरले अरू पाँच सिक्का ल्याई अगाडि आएर यसो भन्यो, 'हजूर, तपाईंले मलाई पाँच सिक्काको जिम्मा दिनुभएको थियो। हेर्नुहोस्, मैले अरू पाँच सिक्का कमाएको छु।' २१ "मालिकले त्यसलाई भने, 'स्याबास, असल र विश्वासी नोकर! तँ थोरै कुरामा विश्वासी भइस्, अब म तँलाई धेरै कुराको जिम्मा दिनेछु। तँ आफ्ना मालिकको खुशीमा सहभागी हो।' २२ "दुई सिक्का पाउनेले पनि आएर भन्यो, 'हजूर, तपाईंले मलाई दुई सिक्का दिनुभएको थियो। हेर्नुहोस्, मैले अरू दुई सिक्का कमाएको छु।' २३ "त्यसका मालिकले त्यसलाई भने, 'स्याबास, असल र विश्वासी नोकर, तँ थोरै कुरामा विश्वासी भइस्, अब म तँलाई धेरै कुराको जिम्मा दिनेछु। तँ आफ्ना मालिकको खुशीमा सहभागी हो।'" मत्ती २५:२०-२३।**

धेरै सिक्का वा आशिष पाउनेहरू परमेश्वरतिर धेरै जिम्मेवारी हुन्छन् भन्ने कुरालाई हामीले सोच्नु स्वभाविक छ। तर यस कथामा एकै सिक्का वा थोरै पाउनेले पनि त्यसलाई उचितरूपमा प्रयोग नगर्दा त्यो व्यक्ति विश्वासघात गरिएको र अनन्तको राज्य गुमायो भनेर प्रमाणित गरेको छ। अरूहरूको जिम्मेवारीको बारेमा सोच्नुभन्दा हामीलाई परमेश्वरले के सुम्पन्नुभएको छ र

त्यसलाई परमेश्वरको महिमामा कसरी प्रयोग गर्न सक्छौं त्यसको बारेमा सोचौं।

*जब तपाईँकहाँ परमेश्वर आउनुहुन्छ तब तपाईँको हिसाबकिताब उहाँसँग कसरी मिलाउने?*

## ५. पुरस्कारमा नजर राखेर दौडमा भाग लिनु

जब पावलको आत्मिक जीवन पूरै परिवर्तन भए तब उनी ख्रीष्टको काममा पूरै समर्पित भए। उनको शिक्षा र तिक्ष्ण दिमागले गर्दा सांसारिक दृष्टिकोणमा उनी सफल व्यक्ति हुनसक्थे। मोशाले जस्तो उनले पनि परमेश्वरका विश्वासी भक्तजनहरूसँग येशूको निम्ति दुःखकष्ट पाउन निर्णय गरे। उनी धेरै पिटाइमा परेका थिए, उनलाई ढुङ्गाहरूले हिर्काएर मार्न खोजेका थिए। उनी धेरैपल्ट जेलनेल खपेका थिए। उनी जहाजको दुर्घट्नमा परेका थिए। भोक, ठण्डी र अरू धेरै पीडादायी कष्टहरू उनले भोगेका थिए। यो विवरण उनले २ कोरन्थी ११:२४-३३मा लेखेका छन्। ती सबै आततायी सङ्कटहरू उनले कसरी भोग्न सकेका थिए।

देहायका पदहरू पढ्नुहोस्। आफू परमेश्वरको बालक हुँ भन्ने आत्मज्ञानले जुनसुकै परिस्थितिमा पनि निष्ठावान र आस्थावान हुन पावललाई कसरी बल मिलेको थियो? हेर्नुहोस्, **"१२ भाइ हो, पापमय स्वभावअनुसार जिउनलाई हामी पापमय स्वभावप्रति बाध्य छैनौं। १३ किनकि पापमय स्वभावअनुसार जिउँछौ भने, तिमीहरू मर्छौ, तर यदि पवित्र आत्माद्वारा शरीरका कार्यहरू तिमीहरूले निर्मूल पार्‍यौ भने, तिमीहरू जिउनेछौ। १४ किनभने सबै, जो परमेश्वरका आत्माले डोर्‍याइएका हुन्छन्, तिनीहरू नै परमेश्वरका सन्तान हुन्। १५ किनभने फेरि डरमा पर्नलाई दासत्वको आत्मा तिमीहरूले पाएका छैनौ, तर तिमीहरूले धर्मपुत्र हुने आत्मा पाएका छौ। यसैले जब हामी परमेश्वरलाई "अब्बा, पिता" भनी पुकाछौं, १६ त्योचाहिँ हामी परमेश्वरका सन्तान हौं भनी पवित्र आत्माले हाम्रो आत्मासँग गवाही दिनुभएको हो। १७ र सन्तान हौं भनेता उत्तराधिकारी पनि हौं, परमेश्वरका उत्तराधिकारी र ख्रीष्टसँग साझे-उत्तराधिकारी। उहाँसँग दुःख भोग्छौं भनेता हामी उहाँसँगै महिमित पनि हुनेछौं। १८ म विचार गर्दछु, कि हामीमा जुन महिमा प्रकट गरिनेछ, त्यससँग वर्तमान समयका कष्टहरू तुलना गर्न योग्य छैनन्। १९ सृष्टि बड़ो उत्कण्ठाले परमेश्वरका पुत्रहरू प्रकट हुने कुराको प्रतीक्षा गर्छ। २० सृष्टि व्यर्थताको**

**वशमा पारियो, त्यसको आफ्नै इच्छाले होइन, तर उहाँको इच्छाले, जसले त्यसलाई वशमा पार्नुभयो, यसै आशामा, २१ कि सृष्टि त्यसको आफ्नै विनाशको बन्धनबाट मुक्त गराइनेछ, र त्यसले पनि परमेश्वरका सन्तानको महिमित स्वतन्त्रता प्राप्त गर्नेछ।" रोमी ८:१२-२१।**

जुन दाम र पुरस्कारको मूल्य मान्यता पावलले राखे त्यो पाउन दुःखकष्ट, पीडा र मृत्युको मुखमा परेर सहनै परे पनि उनी ख्रीष्टको निम्ति कष्ट भोग्न जोशिलो भएको थिए। झ्यालखानाबाट नै उनले लेखे: "मैले यी सबै अघिबाटै प्राप्त गरिसकेको छु, अथवा म अघिबाटै सिद्ध भइसकेको छु भनेर त होइन, तर ती कुराहरूलाई पक्रनको निम्ति म अघि बढ़िरहेको छु जुन कुराको निम्ति ख्रीष्टले मलाई पक्रनुभयो! भाइ हो, मैले यी सब पक्रिसकेको छु भनी म ठान्दिनँ, तर म एउटा काम गर्दछु, कि पछाडिका कुराहरू बिर्सेर र अगाडिका कुराहरूतिर जोड़सँग लम्कँदै ख्रीष्ट येशूमा परमेश्वरको स्वर्गीय बोलावटमा पाइने पुरस्कारको निम्ति निशानातिर म जोड़सँग अगि बढ्दछु।"
फिलिप्पी ३:१२-१४।

**१ तिमोथी ६:६-१२ पढ्नुहोस्। यो हामीले अगावै हेरिसकेका छौं, तैपनि यस अंशको विषयको सन्दर्भमा फेरि पढ्नु राम्रो हुन्छ। यसमा के निर्णायक सन्देश छ विशेष गरेर येशूका भक्तहरू हौं भनेर हामी दावी गर्नेहरूको निम्ति? हेर्नुहोस्, "६ सन्तुष्टिसहितको भक्ति नै ठूलो लाभ हो। ७ किनकि हामीले न त यस संसारमा केही ल्यायौं न यहाँबाट केही लैजान नै सक्छौं। ८ तर खान र लाउनसम्म छ भने हामी त्यसैमा सन्तुष्ट हुनेछौं। ९ तर धनी हुने इच्छा गर्नेहरू परीक्षामा पर्छन्, पासोमा फस्छन् र धेरै अर्थहीन र दुःखदायी इच्छाहरूमा डुब्छन्, जसले मानिसहरूलाई बरबादी र सर्वनाशमा डुबाउँछन्। १० किनभने रुपियाँपैसाको मोह नै सबै किसिमका खराबीको जड़ हो। पैसाको लोभमा परेर कोही-कोही विश्वासबाट कुमार्गीतिर लागेका छन्, र धेरै पीडाले तिनीहरूका हृदय घोचेका छन्। ११ तर परमेश्वरका जन तिमीले यी सबै त्याग, र धार्मिकता, भक्ति, विश्वास, प्रेम, स्थिरता र नम्रताको लक्ष्य राख। १२ विश्वासको उत्तम लड़ाइँ लड़। अनन्त जीवन पक्रिराख। यसैमा तिमीलाई बोलावट भएको थियो, जब तिमीले धेरै साक्षीहरूका उपस्थितिमा तिम्रो विश्वासको असल साक्षी दिएका थियौ।" १ तिमोथी ६:५-१२।**

बाइबलको दृष्टिकोणमा भौतिक र आर्थिकरूपमा फलिफाप र उन्नती गर्नु भनेको तपाईंको आवश्यकतालाई पुऱ्याउनु हो। तर पैसा वा

धनसम्पत्तिमात्र थुपार्ने लक्ष्यमा बाँच्नुहुँदैन। पावलले आफूलाई चाहेको सबै थोकको लागि परमेश्वरको प्रतिज्ञा फिलिप्पी ४:१९मा यसरी दावी गर्छन्, "मेरा परमेश्वरले आफ्नो महिमामा उहाँको सम्पत्तिअनुसार तिमीहरूको हरेक खाँचो ख्रीष्ट येशूमा पूरा गरिदिनुहुनेछ।" फिलिप्पी ४:१९। आखिरमा, फलिफाप वा धनमा सम्पन्न हुनु भनेको तपाईंमा भएका थोकहरूले परमेश्वरप्रति धन्यवादी हुनु र सबै थोक उहाँको भरोसामा छोड्ने प्रवृत्तिमा लाग्न जागृत भएर बस्नु हो।

आफ्ना जनहरूलाई सांसारिक धनसम्पत्तिले सम्पन्न गराउनुहुनेछ भनेर परमेश्वरले प्रतिज्ञा गर्नुभएको छैन। अझ उहाँले यो ठोकुवा गर्नुभएको छ कि उहाँको धार्मिकतामा जीउने सबै जना कष्ट भोग्नुपर्नेछ। तर यस संसारको धनसम्पत्ति, इज्जत, मानमर्यादा, प्रतिष्ठा भन्दा उत्तम कुरो उहाँले उपलब्ध गराउनुभएको छ। उहाँले भन्नु हुन्छ, "तिम्रो आवश्यकताहरू सबै म पुऱ्याउनेछु। तिमी जहाँ गएतापनि म तिमीसित हुनेछु।" अनि अन्तमा आएर उहाँका निष्ठावान, आस्थावान जाहरूलाई सत्य सम्पत्ति, जिम्मेवारी र अनन्त जीवन दिनुहुनेछ। यो भन्दा गजको इनाम अरू के होला?

आफूलाई मारिनेछ भनेर थाहा पाएर आफ्नो जीवनको अन्तमा उनले यो भन्न बल पाएका थिए, "किनभने, म त बलिको रूपमा अर्पण हुन लागेको छु, र मेरो बिदाइको बेला आएको छ। मैले उत्तम लड़ाइँ लड़ेको छु। मैले दौड सिद्ध्याएको छु। मैले विश्वासलाई बचाइराखेको छु। अब उप्रान्त मेरो निम्ति धार्मिकताको मुकुट राखिएको छ, जो धार्मिकताका न्यायाधीश प्रभुले त्यस दिन मलाई दिनुहुनेछ, र मलाई मात्र होइन, तर उहाँको पुनरागमन प्रिय मान्नेहरू सबैलाई दिनुहुनेछ।" २ तिमोथी ४:६-८। परमेश्वरको अनुग्रहले हामी सबै जनाले पावलले भनेको अनुसार दावी गर्न सकौं र उनको निश्चयपनामा हामी पनि सहभागी हुन सकौं।

**उपसंहार:**

**थप जानकारी:** यस संसारमा रहुञ्जेल चर्चको परिवारले आर्थिकरूपमा पारदर्शिक भएर विश्वासिलो व्यवस्थापक कसरी हुने भनेर यहाँ प्रस्तुत गरिएको छ।

**सारा संसारका सेभेन्थ-डे एडभेन्टिस्ट चर्चहरूको निम्ति असल भण्डारेपन वा सञ्चयकर्ताको दुर्दशिय खाका**

यो कुनै भविष्यको लागि हो; पास्टरहरू र स्थानीय चर्चका अगुवाहरूले चर्चमा आर्थिक मामिलामा सक्षम् व्यवस्थापनको सृजना गर्न सफल भएका थिए । तिनीहरूले चर्चको परिवारलाई बाइबलले देखाएको आर्थिक व्यवस्थापनलाई सिकाएका थिए, तालिम दिएका थिए, सहयोग गरेका थिए र हौशला दिएका थिए।

आर्थिक वा सम्पत्तिको मामिलामा मानिसहरूले आफ्ना जीवनहरूमा लागु गरिरहेकाछन् । तिनीहरू उदारमा बढिरहेका छन् । अपेक्षा नगरेको समयको निम्ति तिनीहरूले सञ्चय गरेका थिए र उपभोक्ता भएर ऋणको दासत्वबाट तिनीहरू छुट्कारा पाउन खोजिरहेकाछन्।

तिनीहरूको जीवनशैलीहरूमा संयमता, अनुशासन र संतुष्टको छाप परिरहेकाछन् । पैसालाई भगवान भनेर तिनीहरूले पूजा गर्न छोडेका छन्, तिनीहरू सृष्टिकर्ता परमेश्वरसितको सम्बन्धमा दिनदिनै बाक्लो हुँदै गएको छ।

यो साबथ दिनको बिहान हो, र मानिसहरू आराधना सेवाको निम्ति धमाधम आइरहेका छन्। तिनीहरूको चेहरामा शान्ति र मुस्कुराहत छाएको छ। तिनीहरूमा आर्थिक मामिलामा चिन्ता छैन । तिनीहरूमा संतुष्ट र कृतज्ञको आत्माले छाएको छ।

पैसाले गर्दा ल्याउने पारिवारिक कचकच प्रायजसो देखिन्दैन । जब तिनीहरू आराधनाको निम्ति चर्चमा प्रवेश गर्छन् तब र सेवाको निम्ति सुरसार कस्छन् तब परमेश्वरको उपस्थितिको अपेक्षा तिनीहरूले गर्छन् र साथै तिनीहरूमा उहाँले काम गर्नुहुन्छ भन्ने आशामा तिनीहरू रहन्छन्।

चर्चको सेवाकार्यको निम्ति चर्चको ढुकुटीमा प्रसस्त पैसा छ। बाहिर सुसमाचार प्रचारीय कामको निम्ति चर्चले बलियोसाथ सहयोग गर्दछ। आवश्यक परेकाहरूलाई ख्रीष्टको प्रेम प्रत्येक ठोसरूपमा फैलाउँछ।

चर्चको भवनको व्यवस्थापन गर्न र सेवाकार्य गर्न अचम्मसँग कोषमा पैसा छ र यसको व्यवस्थापन उत्कृष्टरूपमा गरिएको छ।

हामी सबैको सामु यो जल्दोबल्दो प्रश्न छ, "हाम्रो भरोसामा परमेश्वरले दिनुभएको जुनसुकै स्रोतहरू भएतापनि त्यसलाई प्रयोग गर्न उहाँले हामीलाई कस्तो आह्वान गरिरहनुभएको छ ?

**चिन्तनमननः**

अ. आर्थिक मामिलामा बाइबलका स्पष्ट नीतिहरूलाई हामीले कसरी बुझ्ने? मुक्ति भनेको विश्वासद्वारा आउँछ भने हामीले पाउने इनाम कामको प्रतिफलले हुन्छ। ती दुई अवधारणाहरूलाई कसरी मिलाउने?

आ. हामीसँग जे छ त्यसप्रति हामी संतुष्ट हुनुपर्छ भन्दा के हाम्रो आर्थिक अवस्थालाई अझै प्रगति नगर्ने त? ती दुई अवधारणाहरूको बीचमा किन आपसी विवाद हुन आवश्यक छैन।

इ. हाम्रो निम्ति अनन्त जीवन पर्खिरहेको छ भन्ने कुरामा कुनै प्रश्न छैन। हामी जो भएतापनि वा सानै भएतापनि अहिले हामीले जे निर्णयहरू गर्छौं त्यसले अनन्त जीवन कसरी बिताउने भनेर देखाइरहेको हुन्छ। त्यस लक्ष्यलाई मध्यनजरमा राखेर हामी कसरी अघि बढिरहने?

## कथा १२

## पुरानो भाँडाहरूमा बहुमूल्य दौलत



तेऱ्ह वर्षकी प्रेसियस रुँदै थिइन्। उनको बुबाले उनको निम्ति नयाँ सेभेन्थ-डे एडभेन्टिस्ट स्कूलमा भर्ना गर्न लगिरहेका थिए। उनको परिवारको इसाई सम्प्रदायको भव्य स्कूलमा पढ्न चाहेकी थिइन्। कटिरिरा एडभेन्टिस्ट प्राइमरी स्कूलका भवनहरू त्यस्तो आकर्षित थिएन। "मेरी छोरी, ठूलो भवन नहेर्नु तर स्कूलको गुणस्तर हेर्नुपर्छ," बुबाले उनको कानमा खुसुक्क भने। उनले चाहेको स्कूलमा विगत तीन वर्षदेखि शिक्षाको गुणस्तरमा राम्रो गरेको छैन भनेर बाबुले सुनाए।

प्रेसियस चुप लागिन्, तर उनलाई स्कूलमा भर्ना गर्दा आफू खुशी नभएको व्यक्त गरिन्। जब बाबु फर्किन लागेका थिए उनी रुँदै भनिन्, "मेरो प्यारो बुबाले मलाई स्कूलको नाउँमा किन थुन्न लागेको हो। यो कस्तो नराम्रो!" गहभरी आँशु गरेर चिच्याइन्।

"नानी, आउ, तिमी सुत्ने ठाउँ म देखाउँछु, "मृदु स्वरले हँसिली महिलाले उनलाई बोलाइन्। मन नपरी नपरी प्रेसियस त्यस महिलाको पछि लागिन्। उनले प्रेसियसको ओछ्यान र सुटकेस बोकेकी थिइन्। त्यस दिन बेलुका जब विद्यार्थीहरू पुरानो भवनको बाहिर लाइनमा उभिरहेका थिए तब उनको अनुहार झन अंध्यारो भयो। त्यहाँ के भइरहेको थियो सो उनलाई थाहा थिएन। जब विद्यार्थीहरूले प्लेटमा खाना लिएर बाहिर निस्केको देखिन् तब उनी भान्सा कोठाबाट बाहिर थिइन् भनेर महसुस गरिन्। त्यसबेला उनको जीवनको पहिलो पल्ट शाकाहारी खाना खाइन्।

पछि, बेलुकीको आराधना सभाको निम्ति घन्टी बजेको थियो। विद्यार्थीहरू खुशी भएर क्याम्पसको चर्चमा जाँदै थिए। प्रेसियस आफ्नो कोठामा जान निर्णय गरिन्। तर छात्राबासको ढोका बन्द थियो। उनी चर्चमा गइन् तर बाहिर नै बसीरहिन्। "आउनुभित्र परमेश्वरको घरमा। यो प्रार्थनाको समय हो। दिकदार नहोउ," एक जना हँसिली महिलाले उनलाई भनिन्।

आफूले माया पाएको जस्तो महसुस प्रेसियसले गरिन्। उनी चर्चमा गइन्। चर्चमा पस्ने बित्तिक्कै उनमा भएको नैराश्यता बिलायो। त्यहाँ रमाइलो

तरिकाले गाएको जस्तो उनले पहिला कहिल्यै पनि सुनेकी थिइनन्। क्रमवद्धरूपमा भजन गाएपछि आधा घन्टा आराधना सेवा उनले धेरै मनपराइन्। कमसेकम स्कूलको यो कार्यक्रम म मन पराउनेछु, उनले सोचिन्।

स्कूलको सेमिस्टरको अन्त्यमामात्र प्रेसियसको बुबा फर्केर आए। त्यो भन्दा अघि आए भने प्रेसियस आफूसँग फर्किन्छ होला भनेर उनले सोचेका थिए। उनी फेरि त्यही स्कूलमा फर्किन चाहेकोले बुबा छक्क परे। दयालु शिक्षकहरूबाट उनी टाढा हुन नचाहेकी उनले बताइन्। क्लासमा पाठ सुरु गर्नुभन्दा अघि बाइबल पद पढेर प्रार्थना गरेको र उनलाई समस्या भयो भने व्यवाहारिक सल्लाह दिएको उनले मन पराएको आफ्नो बुबालाई बताइन्। अर्को सेमिस्टरमा स्कूलमा साप्ताहिक प्रार्थना कार्यक्रम आयोजना गरेको थियो। त्यसबेल उनले बप्तिस्माद्वारा आफ्न् हृदय येशूलाई सुम्पिन्। "निश्चयनै हो स्कूल भनेको भवनभन्दा धेरै ठूलो कुरो हो," उनले प्रार्थना सप्ताह चलाउने पास्टरलाई भनिन्।